**The Gurkha Pension Scheme**

All Gurkhas who served in the Brigade of Gurkhas from 1 January 1948 up to 2007 were members of the Gurkha Pension Scheme (GPS). Since the GPS was based on the Indian scheme it was well suited to the needs of Gurkhas who would retire back to Nepal. In 2007 with the implementation of British TACOS for the Brigade of Gurkhas all Gurkhas now serve on normal British Army terms and conditions of service.

The British Government has maintained the view that Gurkhas have been fairly treated in respect of their pension provision and that the GPS is a very fair scheme. For most Gurkha veterans the GPS provides a pension at least as good, and in many cases better, than that given to their British counterparts with identical periods of service.

The GPS was closed as a scheme in 2007, and all serving Gurkhas and those who retired after 1 July 1997 were given the option to transfer to the Armed Forces Pension Scheme (AFPS). The 1 July 1997 date is significant because that is when Gurkhas ceased to be a Far East based force and became based in the UK. Under the GPS Gurkhas qualified for an immediate pension after 15 years' service, typically in their early 30s; whereas most British personnel on the AFPS did not serve for the 22 years necessary to qualify for an immediate pension, and instead have a preserved pension payable at the age of 60, or age 65 for service after 2006. This means typically Gurkhas will have been receiving pension payments for over 25 years before most British soldiers of the same rank and length of service qualify for any payments under the AFPS.

As with any pension, the amount payable per month reflects the length of time over which the pension will be paid. Although monthly sums paid under the AFPS will be higher, most Gurkhas will receive equivalent or better value than someone of the same rank and length of service in the AFPS, because the payments begin much earlier. It is particularly worth noting that British personnel who retired before 1975, and who served less than 22 years, receive no pension whatsoever, in contrast to the 20% of Gurkha veterans with the same service who are receiving a pension. The estimated costs of equalising pensions, as proposed by lobby groups, would be £1.5 billion over 20 years and would benefit those with 22 years' service or more, mainly retired Gurkha officers. It would also have retrospective implications for all other public sector pension schemes.

Gurkha pensions, like basic pay, remain linked to that of the Indian Army and have special features to reflect the unique nature of Gurkha service. In particular, the immediate payment of pensions on discharge in Nepal at the 15 year point and, in the event of the death of a Gurkha pensioner, the ability to transfer the pension not just to the surviving spouse and children, but to parents and dependant siblings. This arrangement reflects local circumstances because, unlike the UK, Nepal does not have a sophisticated system of state benefits and support.

Two significant reviews in recent years have affected the level of pension provision. A 1981 review led to Gurkha pensions awarded after 31 March 1979 being linked to the top band of pension rates provided for in the Indian Army pension regulations. It was also decided that the annual uprating of pensions should be linked to cost of living increases in Nepal, rather than the Indian Consumer Price Index.

An examination of Gurkha pensions in 1999 led to the introduction of a 100% welfare related cash uplift to British Gurkha pensions to take account of Indian Government benefits-in-kind, such as access to Indian military hospitals, available to Indian Army Gurkha pensioners. In addition, all pensioners discharged prior to April 1979 were also linked to the top band of pension rates provided for in the Indian Army. This resulted in substantially increased pension payments for around 27,000 British Gurkha pensioners, with effect from 1 April 2000. Effectively, this meant that Gurkha pensions were set at double the top rate of the Indian Army and now compare favourably to professional salaries in Nepal. Following the Indian 7$^{th}$ Central Pay Commission this uplift was reduced to 140% because of the compensating increase in medical benefits provided in Nepal.

**गोर्खा पेन्शन स्किम**

१ जनवरी १९४८ देखि २००७ सालसम्म ब्रिगेड अफ गोर्खाजमा सेवा गरेका सबै गोर्खाहरु गोर्खा पेन्शन स्किम (जी पि एस) का सदस्य रहेका थिए। जि पि एस भारतीय स्किममा आधारित थियो। अवकाश पश्चात गोर्खाहरु नेपाल फर्कन्थे, त्यसैले सो स्किम उनीहरुका लागि उपयुक्त थियो। २००७ सालमा नयाँ सेवाका शर्तहरु लागु भएपश्चात हाल गोर्खाहरुलाई अन्य ब्रिटिश सेनामा लागु हुने सेवाका सबै शर्तहरु उनिहरुलाई पनि लागु हुन्छ।

पेन्शनको हकमा, गोर्खाहरुलाई न्यायोचित रुपमा ब्यवहार गरिएको तथा जि पि एस एउटा न्यायसंगत स्किम थियो भन्ने मान्यता ब्रिटिश सरकारले राख्दछ। अधिकाँश गोर्खाहरुका लागि अनि उनीहरुको जत्तिकै समान सेवा अवधी पुरा गरेका आफ्ना ब्रिटिश समकक्षीहरुको तुलनामा जि पि एस एउटा राम्रो स्किम हो।

स्किमको रुपमा संचालित जि पि एसलाई २००७ सालमा बन्द गरिएको थियो तथा १ जुलाई १९९७ देखि यता अवकाश पाउने गोर्खाहरुलाई आर्म्ड फोर्सेस पेन्शन स्किम (Armed Forces Pension Scheme) मा जाने बिकल्पमाथि चयन गर्नसक्ने सुबिधा दिईएको थियो। १ जुलाई १९९७ ले बिशेष महत्व राख्दछ। किनभने त्यो दिन देखि गोर्खाहरु फार इस्ट (Far East) बाट युकेमा पूर्णकालिन रुपमा स्थानान्तर हुनुभयो। जि पि एस अन्तर्गत १५ बर्षको सेवाकाल पुरा गरेका गोर्खाहरु पेन्शनका लागि हकदार हुनुभयो, त्यतिखेर औसतमा उनीहरुको उमेर ३५ वरिपरी हुने गर्थ्यो। तर उनीहरुका ब्रिटिश समकक्षीहरुका हकमा भने ए एफ पि एस अन्तर्गत २२ बर्षसम्म सेवा नगरेकाहरुले अवकाश लगतै नपाई ६० बर्षपछि मात्रै उनीहरु प्रिजर्व्ड (preserved) पेन्शनको हकदार हुन्छन। २००६ साल देखि यता सेवा गरेकाहरुका हकमा सो उमेरको हदलाई ६० देखि ६५ बर्ष पुराइएकोछ। त्यसैले औसतमा गोर्खाहरुले २५ बर्षभन्दा बढी पेन्शन थापिसकेको हुने भने उनीहरुका ब्रिटिश समकक्षीहरु भने सो अवधीमा पेन्शन बिहिन हुनेछन।

जुनसुकै पेन्शनमा लागु भए जस्तै, पेन्शनको मासिक राशी पेन्शनका हकदारको सेवा अवधी कति रहेकोछ भन्नेमा निर्भर हुन्छ। एस एफ पि एसमा पाउने मासिक पेन्शन राशी बढी भएपनि गोर्खाहरुले उनीहरुका ब्रिटिश समकक्षीहरु भन्दा अगावै पाउने हुनाले सो पेन्शनको मूल्य उत्तिकै वा अझ राम्रो हुन जान्छ। मुख्य कुरा, १९७५ सालभन्दा अगाडि सेवा गरेका तर २२ बर्ष सेवाकाल पुरानगरी अवकाशमा गएका ब्रिटिश सेनाका ब्यक्तिहरु कुनै खालको पेन्शनको हक्दार छैनन, तर उति नै समय सेवा गरेर अवकाश प्राप्त २० प्रतिशत गोर्खालिहरुले पेन्शन पाउँदै आएका छन। यदि पेन्शनमा फेरबदल ल्याएको खन्डमा त्यसको कूल राशी २० बर्ष भित्रमा १.५ बिलियन स्टर्लिङ पाउन्ड हुनेछ र सो सुबिधा २२ बर्ष भन्दा बढी सेवा गरेका प्रायजस्तो अधिकृतहरुको हकमा मात्र लागु हुनेछ। त्यसले सबै पब्लिक सेक्टरमा चालु पेन्शन स्किमहरुलाई पनि असर पार्नेछ।

तलब जस्तै गोर्खा पेन्शन पनि भारतीय सेनामा लागु पेन्शनसँग जोडिएको छ। अनि त्यसका बिशेषताहरुले गोर्खा[1] सेवाका बिशिष्ट प्रकृतिलाई चरितार्थ गर्दछ। खासगरी, १५ बर्षको सेवा अवधी पुरागरी अवकाश पाएपछि

Updated 1 Apr 2019

तुरुन्तै पेन्शनको हकदार हुने र आफ्नो मृत्यु पछि श्रीमती र सन्तानहरुमा मात्र नभै आफ्नो बाबु आमा अनि आश्रित दाजुभाई दिदीबहिनीहरुमा पनि स्थानान्तर हुने प्रावधान छ।

बिगतमा पेन्शनसम्बन्धी पुनरावलोकनहरु भए र त्यसले गर्दा पेन्शनमा धेरै सुधारहरु आए। १९८१मा सम्पन्न रिभिउले ३१ मार्च १९७९ देखि यता दिईने पेन्शनलाई भारतीय सेनाको पेन्शन नियम अन्तर्गत लागु हुने सबभन्दा उच्च दरसँग समान बनायो। यसका अतिरिक्त, पेन्शनको वार्षिक बृद्धी दर भारतको उपभोक्ता मूल्य सुचाँक (Consumer Price Index) मा नभै नेपालको जीवन निर्वाहमा हुने मूल्य बृद्धी दरको आधारमा हुने भयो।

त्यस्तैगरी १९९९ सालमा सम्पन्न भएको रिभिउले, भारतीय सेनाका अवकाश प्राप्त गोर्खाहरुले पाउने अतिरिक्त सुबिधाहरु (benefits in kind) साथै भारतीय जँगी अस्पतालहरुमा स्वास्थ्य-उपचारको बन्दोबस्त जस्ता कुराहरु माथि मध्यनजर राख्दै पेन्शनको दरलाई सत प्रतिशत बढाएको थियो। त्यस्का अतिरिक्त, अप्रिल १९७९ भन्दा अगाडि अवकाश प्राप्त गोर्खाहरुले पाउने पेन्शनलाई पनि भारतीय सेनाको पेन्शन अन्तर्गत लागु हुने सबभन्दा माथिल्लो दरसँग समान बनाईयो। त्यस्ले गर्दा झन्डै २७००० जना ब्रिटिश गोर्खाहरुका लागि अप्रिल २००० देखि उनीहरुको पेन्शनमा उल्लेख्य बृद्धी भयो। फलस्वरुप ब्रिटिश गोर्खाहरुको पेन्शन भारतीय सेनाको सबैभन्दा माथिल्लो श्रेणीको भन्दा दोब्बर बढी भयो अनि नेपालमा ब्यावसायिक तलबहरुको दाँजोमा राम्रो भएर गयो। नेपालमा स्वास्थ्य सेवाको सहुलियत बृध्दिको कारणले भारतीय सातौं केन्द्रीय वेतन आयोग (7$^{th}$ Central Pay Commission) को उत्थान लाई १४० प्रतिशतमा घटाइएको छ।